परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : ५४ पृष्ठ ४ २०८२ मसिर २९ गते, सोमबार 15 December, 2025 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## आगलागीले यातायात कार्यालय बाँकेमा ठूलो क्षति

टक नेपाल

जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट यातायात व्यवस्था कार्यालय बाँकेमा अत्यधिक क्षति पुगेको छ। आगलागीका कारण नेपालगञ्जको बाँके गाउँस्थित अस्थायी कार्यालयको भौतिक संरचना पूर्ण रूपमा क्षतिग्रस्त हुनुका साथै करिब ९५ प्रतिशत कागजात तथा प्रशासनिक अभिलेख जलेका छन्।

आगलागीपछि सेवा अवरुद्ध नहोस् भन्ने उद्देश्यले कार्यालयले नेपालगञ्ज उपमहानगरपालिका-१८ कारकाँदोस्थित सडक विभागको कार्यालयबाट अस्थायी रूपमा सेवा सञ्चालन गरिरहेको छ। कार्यालयका निमित्त प्रमुख कालिदास बस्यालका अनुसार आगजनीबाट सेवा कक्ष, अभिलेख कक्ष, कम्प्युटर, प्रिन्टर, सर्भर प्रणाली र फर्निचरमा व्यापक क्षति पुगेको छ।

'भौतिक संरचनाभन्दा पनि कागजातको क्षति गम्भीर छ। करिब ९५ प्रतिशत अभिलेख जलेका छन्,' प्रमुख बस्यालले भने। अस्थायी संरचनाबाट सेवा दिंदा स्थान अभाव, सीमित काउन्टर, प्रविधिगत समस्या र सेवाग्राहीको चाप व्यवस्थापन चुनौतीपूर्ण बनेको उनको भनाइ छ। यद्यपि, सीमित स्रोतसाधनबीच पनि सवारीसाधन नवीकरण, सवारी दर्ता, सवारी कर सङ्कलन तथा चालक अनुमतिपत्र नवीकरणजस्ता अत्यावश्यक सेवा नियमित रूपमा सञ्चालन भइरहेका छन्। 'सेवाग्राहीलाई असुविधा नहोस् भन्ने प्रयास निरन्तर छ,' उनले बताए।

कागजात नष्ट भएपछि अभिलेख पुनःनिर्माण अर्को ठूलो चुनौती बनेको भए पनि सेवा प्रणाली डिजिटल रहेकाले केन्द्रीय सर्भरमा सुरक्षित विवरणले राहत दिएको प्रमुख बस्यालले जानकारी दिए। 'लाइसेन्स र सवारी दर्तासम्बन्धी धेरै विवरण डिजिटल रूपमा सुरक्षित रहेकाले त्यसैको आधारमा अभिलेख पुनःनिर्माण अघि बढाइएको छ,' उनले भने। सेवाग्राहीसँग उपलब्ध प्रतिलिपि र अन्य कार्यालयका अभिलेखको सहायताले पुनःप्रमाणिकरण गरिने पनि उनले स्पष्ट पारे।

भविष्यमा यस्ता घटना दोहोरिन नदिन सम्पूर्ण अभिलेख डिजिटलाइजेसन, नियमित डेटा ब्याकअप, आगलागी नियन्त्रण प्रणाली, सिसिटिभी जडान तथा सुरक्षा व्यवस्था सुदृढ बनाउने योजना अघि सारिएको छ। यसका लागि प्रदेश सरकारसँग समन्वय भइरहेको कार्यालयले जनाएको छ।



'स्थायी पुनर्निर्माणका विषयमा प्रदेश सरकार र सम्बन्धित मन्त्रालयसँग छलफल भइरहेको छ,' प्रमुख बस्यालले भने, 'क्षति मूल्याङ्कनको विस्तृत प्रतिवेदनपछि नयाँ भवन निर्माण र बजेट विनियोजन प्रक्रिया अघि बढ्ने अपेक्षा छ।' स्थायी संरचना तयार नहुन्जेल अस्थायी कार्यालयबाटै सेवा सञ्चालन हुने उनले जानकारी दिए। अस्थायी अवस्थाका कारण केही असुविधा भए पनि कार्यालयले सेवाग्राहीलाई संयम अपनाउन आग्रह गरेको छ। 'कठिन परिस्थितिमा पनि सेवा निरन्तरता दिन हामी प्रतिबद्ध छौँ,' प्रमुख बस्यालले भने। उनका अनुसार सुदूरपूर्व ताप्लेजुङ र इलामबाट समेत सेवाग्राही बाँकेको यातायात कार्यालयमा सेवा लिन आउने गरेका छन्।

अस्थायी कार्यालयमा आएका केही सेवाग्राहीले व्यवस्थापन र कर्मचारीको सहयोगको प्रशंसा गरेका छन् भने केहीले असन्तुष्टि व्यक्त गरेका छन्। यसलाई ध्यानमा राख्दै कार्यालयले सेवाग्राहीलाई आवश्यक कागजात तथा डिजिटल प्रतिलिपि लिएर आउन सुझाव दिएको छ। कार्यालयका अनुसार सवारी दर्ता तथा लाइसेन्स नवीकरणमा सेवाग्राहीलाई क्रमबद्ध रूपमा सेवा दिने व्यवस्था मिलाइएको छ, जसले समय बचत र चाप व्यवस्थापनमा मद्दत पुगेको छ। आगामी वर्षसम्म सबै अभिलेख पूर्ण रूपमा डिजिटलाइजेसन गर्ने योजना पनि अघि सारिएको कार्यालयले जनाएको छ ।

## नागरिकता प्रतिलिपि नपाउँदा ७० वर्षीया अशक्त महिला सामाजिक सुरक्षाबाट वञ्चित



टक नेपाल

नेपालको संविधानले देशको कुनै पनि कुनामा बसोबास गर्ने नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने स्पष्ट व्यवस्था गरेको छ। तर तीन दशकसम्म सरकारी सेवा गरेकी धनुषाकी ७० वर्षीया अशक्त महिला लक्ष्मीदेवी क्षेत्री भने नागरिकताको प्रतिलिपि पाउन नसक्दा दुई वर्षदेखि सास्ती भोगिरहेकी छन्।

सबै आवश्यक प्रमाण हुँदाहुँदै पनि जिल्ला प्रशासन कार्यालयले नागरिकताको प्रतिलिपि दिन नमानेपछि लक्ष्मीदेवी सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुनुका साथै औषधोपचारसमेत गराउन नसक्ने अवस्थामा पुगेकी छन्।

मधेश प्रदेश सरकारको मुख्यालय जनकपुरधामस्थित मिल्स एरिया हुँदै पिडारी चोक जाने मुख्य सडक छेउ, तत्कालीन जनकपुर चुरोट कारखाना (हाल मधेश भवन)को मूलद्वार नजिकै रहेको एक छाप्रोमा लक्ष्मीदेवी बस्दै आउनु भएको छ। पक्षघात (लकवा)बाट ग्रसित उहाँको दैनिक जीवन अत्यन्तै कष्टकर बनेको छ।

चुरोट कारखानामा काम गर्दा आर्जन गरेको सम्पूर्ण कमाइ श्रीमान् र छोराहरूको उपचारमा खर्चिएको लक्ष्मीदेवीका पाँच सन्तानमध्ये तीन छोरा र श्रीमानको निधन भइसकेको छ। साइँला छोरा भरत क्षेत्री अलग्गै बस्दै आउनुभएको छ। हाल उहाँको हेरचाह कान्छी छोरी विद्या क्षेत्रीले गरिरहनुभएको छ।

अरूको घरमा भाँडाकुँडा माझ्ने र सोही छाप्रोमा सामान्य चिया-खाजा बेचेर गुजारा चलाउँदै आएकी विद्या आमा लक्ष्मीदेवीको नागरिकताको प्रतिलिपिका लागि दुई वर्षभन्दा लामो समयदेखि धाइरहनुभएको छ।

कुनै समय नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको जनकपुर चुरोट कारखानामा लक्ष्मीदेवी दोस्रो दर्जाको पियन र उहाँका पति जनकबहादुर क्षेत्री स्वास्थ्य सुरक्षा शाखामा तेस्रो दर्जामा कार्यरत हुनुहुन्थ्यो। दुवैको कर्मचारी परिचयपत्र, पुरानो नागरिकताको फोटोकपी, वडा कार्यालयको सिफारिस, जिल्ला प्रशासन कार्यालयको पत्र, वडाध्यक्षको रोहबरमा तयार गरिएको प्रहरी सर्जमिन मुचुल्का, पतिको मृत्यु दर्ता, बसाइँसराइ प्रमाणपत्र तथा धनुषाबाट छोराले प्राप्त गरेको वंशज नागरिकताजस्ता पर्याप्त प्रमाण हुँदाहुँदै पनि प्रशासनले नागरिकताको प्रतिलिपि दिन अस्वीकार गर्दै

### लालबन्दीबाट २१२ ग्राम

## हिरोईनसहित ३४ वर्षीय लामिछाने पक्राउ

टक नेपाल

प्रतिबन्धित लागुऔषध हिरोईन बरामदसँग सम्बन्धित घटनामा प्रहरीले सर्लाहीको लालबन्दी नगरपालिका-५ बाट २१२ ग्राम हिरोईन जस्तो देखिने सेतो धुलो पाउडरसहित एक जनालाई पक्राउ गरेको छ। प्रहरीका अनुसार मिति २०८२/०८/२७ गते साँझ करिब ६ बजे लालबन्दी-५ डाँडा टोलस्थित सुवास लामिछानेको नवनिर्माणाधीन घरमा लागुऔषध लुकाइछिपाइ राखिएको गोप्य सूचनाका आधारमा प्रहरी टोली खटिएको थियो। घरधनी इश्वरपुर नगरपालिका-३ भक्तिपुर स्थायी घर भई हाल लालबन्दी-५ मा बसोबास गर्दै आएका ३४ वर्षीय सुवास लामिछानेलाई खानतलासीसम्बन्धी सूचना पुर्जी दिई भुइँतलाका कोठाहरू तलासी लिइएको थियो। तलासीका क्रममा पश्चिम-दक्षिणतर्फ रहेको कोठाको पूर्वी देवालमा रहेको इँटाको प्वालभित्र कालो प्लास्टिकमा पोका बनाएर लुकाइछिपाइ राखिएको अवस्थामा हिरोईन जस्तो देखिने सेतो धुलो पदार्थ फेला परेको प्रहरीले जनाएको छ। स्थानीय व्यक्तिहरूको रोहबरमा नेपाल सरकारबाट मान्यता प्राप्त तराजुमा तौल गर्दा उक्त पदार्थ २१२ ग्राम रहेको पुष्टि भएको थियो। बरामद प्रतिबन्धित लागुऔषधसहित सुवास लामिछानेलाई नियन्त्रणमा लिई सम्मानित अदालतबाट लागुऔषध मुद्दामा १० दिनको म्याद थप गरी इलाका प्रहरी कार्यालय लालबन्दीमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौं, वन जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तको असर न्यनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा बैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

**सम्पादकीय**

## एमाले महाधिवेशन प्रतिनिधिको जिम्मेवारी

भदौको जेन-जी आन्दोलनका कारण बदलिएको राजनीतिक परिस्थितिपछि मूलधारका पार्टीहरूले आफूलाई कसरी अनुकूलित बनाउलान् भनेर प्रतीक्षा भइरहेको पृष्ठभूमिमा एमालेको एघारौं राष्ट्रिय महाधिवेशन प्रारम्भ भएको छ। प्रतिनिधिहरूको उल्लेखनीय उपस्थितिका बीच शनिबार भक्तपुरको सल्लाघारीमा उद्घाटन सत्र समापन भएको हो।

अब आइतबार र सोमबार काठमाडौंको भृकुटीमण्डपमा बन्दसत्र आयोजना हुनेछ। त्यसले नै नयाँ नेतृत्व चयन गर्नेछ। एमालेको आगामी नेतृत्वले पार्टीको आन्तरिक जीवनलाई मात्रै होइन, राष्ट्रिय राजनीतिको गतिलाई पनि प्रभावित पार्नेछ। त्यसैले यसबारे पार्टीभित्र र बाहिरसमेत चासो व्यक्त भइरहेको छ।

मुख्यतः आफूले चाहेको पार्टी कस्तो हो, त्यसले राष्ट्रिय राजनीतिमा कस्तो भूमिका निर्वाह गर्नुपर्छ, त्यसका निम्ति कस्तो नेतृत्वपंक्ति चाहिएला भनेर विश्लेषण गर्ने र त्यसैअनुसारको नेतृत्व निर्वाचित गर्ने दायित्व महाधिवेशन प्रतिनिधिहरू समक्ष छन्। आशा गरौं- एमालेका महाधिवेशन प्रतिनिधिहरूले परिपक्व निर्णयद्वारा राष्ट्रिय राजनीतिलाई उत्साह दिनेछन्, त्यसले मुलुकलाई सकारात्मक दिशातिर लैजान गुणात्मक योगदान पुऱ्याउनेछ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले एकीकृत ढंगले पहिलो र दोस्रो महाधिवेशन मात्रै आयोजना गर्न सकेको थियो। पुष्पलाल धारले बेग्लै वैशाख २०१९ मा तेस्रो महाधिवेशन गरेपछि नेकपा विभाजनको शृंखला नै सुरु भएको थियो। र, आ-आफ्नै ढंगले महाधिवेशन र नेतृत्व चयन गर्ने प्रवृत्ति झाँगिएको थियो। विभाजित पार्टी/समूहमध्येबाटै एउटा धार तत्कालीन झापा जिल्ला कमिटी, कोके र माले हुँदै अघि बढेको थियो।

त्यही मालेले भदौ २०४६ मा चौथो महाधिवेशन आयोजना गरेको थियो, जसलाई २०१९ को तेस्रो महाधिवेशनपछि टुटेको शृंखलासँग जोडिएको थियो। माले र मार्क्सवादीबीच पुस २०४७ मा एकता भएर एमाले बनेपछि भने यही पार्टीका नामबाट २०४९ मा पाँचौं, २०५४ मा छैटौं, २०५९ मा सातौं, २०६५ मा आठौं, २०७१ मा नवौं र २०७८ मा दसौं महाधिवेशन आयोजना गरिसकेको छ। २०७८ र २०८२ मै उसले विधान महाधिवेशन पनि गरिसकेको छ। कम्युनिस्ट पार्टीहरूमध्ये तुलनात्मक रूपमा नियमित महाधिवेशन आयोजना गने पार्टीमा एमाले पर्छ।

जुनसुकै पार्टीको महाधिवेशन पनि आन्तरिक लोकतन्त्रको अभ्यास गर्ने सबैभन्दा उच्चतम थलो हो। तर यसलाई कर्मकाण्डी बनाउने प्रवृत्ति देखिँदै आएको छ। एमालेमै हेरौं, दोस्रो विधान महाधिवेशनबाट दुई पदावधि र ७० वर्षे उमेर हदको व्यवस्था खारेज गरियो। त्यो अध्यक्ष केपी शर्मा ओलीको तेस्रो पटक अध्यक्ष बन्ने चाहनाअन्तर्गत भएको थियो। नेतृत्व हस्तान्तरण र पुस्तान्तरणका लागि एमालेले सुरु गरेको सकारात्मक अभ्यास नेतृत्वको आकांक्षाको सिकार भयो।

एक वर्षअघि नै महाधिवेशन आयोजना घोषणा गरिनुको औचित्य पनि आफू शक्तिमा रहेकै बेला तेस्रो पटक अध्यक्ष भइहाल्ने ओलीको रणनीतिसँग जोडिएको छ। उनकै कारण एमालेमा आन्तरिक लोकतन्त्र खुम्चिएको आरोप लाग्छ। नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ३७ वर्षदेखि पार्टीको नेतृत्वमा छन्। नियमित महाधिवेशन नगर्ने वा गरिएका महाधिवेशनलाई कर्मकाण्डी बनाउन उनी झन् माहिर छन्। उनले पनि आन्तरिक लोकतन्त्रलाई बलियो बन्न दिएनन्। अन्य कम्युनिस्ट पार्टीका साथै क्षेत्रीय दलका महाधिवेशन पनि औपचारिकतामै सीमित भएको छ। कांग्रेसमा पनि पार्टी विधानअनुसार महाधिवेशन हुनु दुर्लभ बन्दै गएको छ। यस पटक बल्लतल्ल तोकिएको मितिमै महाधिवेशन हुनेमा आशंका छ।

**विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश**

**फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ। यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ। तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ।**

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने।
- सागपातमा प्वाल परेको जस्तो किन्ने।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो। तर धोइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र विहान राम्रोसँग पखाल्ने गऱ्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ। उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ।

**कृषी ज्ञान केन्द्र महोत्तरी**
**जलेश्वर,महोत्तरी**

# कहिले सकिन्छ ७ वर्षदेखिको दाउन्ने सडक-सास्ती ?



कतै कल्भर्ट बनाउन सडकमा ठूलाठूला खाल्डा बनाइएका छन् त कतै ढलानको काम भइरहेको छ।

पानी हालेर सहज बनाउने कोसिस गरिए पनि धुलो उडेर यात्रु, चालकसहित स्थानीयवासी लामो समयदेखि स्वास्थ्य समस्या भोगिरहेका छन्।

नारायणगढ-बुटवल सडक विस्तार थालेको सात वर्ष पुग्नै लाग्दा पनि दाउन्ने खण्डको सास्ती अझै हटेको छैन। १४ किलो मिटर खण्डमा यात्रु र चालकले दैनिक सास्ती भोग्नुपर्ने बाध्यता छ।

धेरै ठाउँमा कालोपत्र सकिए पनि दाउन्ने खण्डमा ट्राफिक जामको समस्या बढी छ। भत्काएर साँघुरो बनाएको सडकमा मालवाहक सवारीसाधन पल्टिँदा यात्रुले थप ट्राफिक जामको सास्ती खेप्नुपर्ने बाध्यता छ।

अरुण खोला र गिरबारी पुलको निर्माण अझै सकिएको छैन। जसले गर्दा पुराना साँघुरा पुलमा ट्राफिक जाम हुने गरेको छ। अरुणखोला र डन्डा बजारको केही खण्डमा अझै सडक कालोपत्र भएको छैन। नारायणगढ-बुटवल सडकको केही-केही खण्डमा बल्ल कालोपत्रको तयारी हुँदै छ।

विस्तार थालिएको १ सय १३ किलो मिटर सडकमध्ये ८२.४६६ किमि चार लेन र १९.३४ किमि दुई लेन कालोपत्र गरिएको आयोजनाले जनाएको छ। उक्त सडक खण्डमा पर्ने ६४ पुलमध्ये ५८ र ४ सय ६८ कल्भर्टमध्ये ४ सय ५६ वटा निर्माण भइसकेका छन्। सुरुका दिनमा समस्या भए पनि अहिले धेरै काम भइसकेका कारण आउने बर्खामा सडकमा कुनै समस्या नहुने आयोजना निर्देशनालय (एडीबी) का आयोजना प्रमुख चूडाराज ढकालको दाबी छ। 'सुरुमा यस सडकमा धेरै समस्या भयो, यात्रु, चालकले निकै सास्ती भोग्नुपऱ्यो,' उनले भने, 'अहिले दाउन्नेमा मात्र समस्या छ।'

भलम? उनका अनुसार दाउन्ने खण्डमा पनि निर्माण व्यवसायीलाई तीन महिना भित्र काम सक्न भनि सकिएको छ। पहिलाको जस्तो अहिले समस्या नभएको दाबी नारायणगढ-बुटवल सडक योजना, पश्चिम खण्डका प्रमुख पशुपति ज्ञवालीले बताए। 'दाउन्नेमा अहिले पनि समस्या त छ, तर पहिला जस्तो छैन,' उनले भने, 'साँघुरो खण्ड भएकाले काम गर्न गारो भएको छ, मालवाहक सवारीसाधनका कारण बढी ट्राफिक जाम हुने गरेको छ।'



टक नेपाल राष्ट्रिय दैनिक ३

## प्रभु साहको आरोप- सरकार चुनाव नगराउने दिशामा छ



● टक नेपाल

आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार चुनाव नगराउने र स्वार्थ समूहको चंगुलमा फस्न थालेको आरोप लगाएका छन्।

सरकार बनेको तीन महिना बितेपछि पनि मन्त्रिपरिषद् विस्तारको नाटकमञ्चन गरेर प्रधानमन्त्री सुशीला कार्कीले घोषित मितिमा निर्वाचन नगर्न प्रपञ्च रचेको साहको आरोप छ।

वर्तमान सरकार जेनजीहरूको भावनाविपरीत चल्न थालेको र एकपछि अर्को गरेर गलत निर्णय लिन थालेको भन्दै साहले आलोचना गरेका हुन्।

आज (आइतबार) काठमाडौंमा आजपाले 'संसद् पुनःस्थापनाको षड्यन्त्र रोक' भन्दै काठमाडौंको गैरीगाउँमा आयोजना गरेको काठमाडौं क्षेत्र नं. १ र २ को संयुक्त विशेष क्षेत्रीय भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले सरकारलाई सच्चिएर आफू मूल म्याण्डेटतर्फ ध्यान दिन सुझाव दिए।

उनले २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन गराउने मूल दायित्व नबिर्सिन प्रधानमन्त्री कार्कीको ध्यानाकार्षण गराए। उनले प्रतिनिधिसभा पुनःस्थापनाको लागि भइरहेको षड्यन्त्रको पर्दाफास गर्न र देशव्यापी रुपमा निर्वाचन तोकिएकै मितिमा सम्पन्न गराउन दबाब सिर्जना गरिनुपर्ने आवश्यकता औंल्याए।

एमालेको केपी ओली समूह र कांग्रेसको शेरबहादुर देउवा समूहले प्रतिनिधिसभाको चुनाव नचाहेको र संसद् पूनःस्थापनको लागि षड्यन्त्रको तानाबाना बुनेको बेलामा प्रधानमन्त्री कार्कीपनि उनीहरूकै सहयोगीको भूमिकामा देखिन थालेको आभाष भएको साहको टिप्पणी छ। 'जेनजी आन्दोलनमा दमन गरेका केपी ओलीहरूले संसद् पुनःस्थापनाको षड्यन्त्र गरिरहेका छन्, कांग्रेसमा देउवा ग्याङ ओलीकै पुच्छर बनेर अदालत धाउन थालेको छ। अनि प्रधानमन्त्री पनि उनीहरूकै डिजाईनमा हिँड्न खोजेको संकेत देखियो, होईन भने कसको स्वार्थमा चार जना मन्त्रीहरू थप्नुभयो, के आधारमा नियुक्त गर्नुभयो?', साहले प्रश्न गर्दै भने।

साहले सरकार र जेन-जीहरूबीच भएको पछिल्लो सम्झौतापनि धोकाको दस्तावेज भएको टिप्पणी गरे।

## जनमत पार्टी सिरहाका चारै प्रतिनिधि सभा क्षेत्रमा एकै दिन क्षेत्रीय बैठक

● टक नेपाल

जनमत पार्टी सिरहा जिल्लाले संगठन सुदृढीकरण र आगामी राजनीतिक कार्ययोजनाबारे छलफल गर्न चारै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा एकै दिन क्षेत्रीय बैठक आयोजना गर्ने भएको छ। बैठक २०८२ मंसिर २९ गते दिउँसो ११ बजे सम्बन्धित क्षेत्रका तोकिएका स्थानमा सञ्चालन हुनेछ।

पार्टीका अनुसार बैठकमा सम्बन्धित निर्वाचन क्षेत्रभित्र पर्ने केन्द्रीय सदस्य, प्रदेश समिति सदस्य, जिल्ला समन्वय समिति सदस्य, पालिका तथा वडा समिति पदाधिकारी, वार्ता टोली तथा पालिका प्रत्याशी उम्मेदवारहरूको अनिवार्य उपस्थिति रहनेछ।




लहान क्षेत्रमा पर्ने प्रतिनिधि सभा क्षेत्र नं. १ को बैठक उद्योग वाणिज्य संघको सभा हल, लहान बजारमा आयोजना हुनेछ, जसको जिम्मेवारी हिरा लाल यादवलाई दिइएको छ यस्तै, प्रतिनिधि सभा क्षेत्र नं. २ अन्तर्गतको बैठक सुखिपुरस्थित उद्योग व्यापार समितिको सभा हलमा हुनेछ, जसको संयोजन राम कुमार यादवले गर्नेछन्।

त्यसैगरी प्रतिनिधि सभा क्षेत्र नं. ३ को बैठक विष्णुपुर-१ स्थित हरिमाया सामुदायिक भवनमा आयोजना गरिनेछ भने उक्त बैठकको जिम्मेवारी राम चन्द्र यादवलाई तोकिएको छ। प्रतिनिधि सभा क्षेत्र नं. ४ को बैठक भने कल्याणपुर-९ स्थित डुमरी अस्पताल (बर्थिङ सेन्टर) को प्राङ्गणमा सञ्चालन हुनेछ, जसको संयोजन कृष्णचन्द्र साहले गर्ने जानकारी पार्टीले दिएको छ।

जनमत पार्टी सिरहा जिल्ला समितिले सम्बन्धित सबै नेता तथा कार्यकर्तालाई समयमै उपस्थित भई बैठकलाई सफल बनाउन हार्दिक अनुरोध गरेको छ।

## रामजानकी मन्दिरको जग्गा दुरुपयोग भएको भन्दै कारबाहीको माग

रामजानकी सेवा समितिले जनकपुरधाम उपमहानगरपालिका वडा नं. १, स्टेशन एरियामा अवस्थित रामजानकी मन्दिरको जग्गा तथा सम्पत्ति दुरुपयोग भइरहेको आरोप लगाएको छ। समितिले शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै अनिल कुमार सिंह भनिने अनिल दास वैष्णव नामका व्यक्तिले मन्दिरमा जबरजस्ती कब्जा जमाई आफूलाई महन्थ-पुजारी भएको भ्रम फैलाउँदै मन्दिरको सम्पूर्ण चल-अचल सम्पत्तिमा एकलौटी रूपमा हकभोग गर्दै आएको आरोप लगाएको हो। पत्रकार सम्मेलनमा समितिले सार्वजनिक रामजानकी देवता मन्दिरमा अनाधिकार प्रवेश गरी अनिल दासले मन्दिरको जग्गा, पोखरीलगायत सम्पत्तिबाट हुने आय- आम्दानी व्यक्तिगत रूपमा उपभोग गर्दै आएको र त्यसको कुनै पनि हिसाब-किताब सार्वजनिक नगरेको दाबी गरेको छ।

समितिका अध्यक्ष रामदेव महतोका अनुसार मन्दिरको नाममा रहेको जग्गा र पोखरीको ठेक्का रकम अनिल दासले खाइरहेको र सम्बन्धित कागजातसमेत आफ्नो नियन्त्रणमा राखेको बताए। उनले अनधिकृत रूपमा मन्दिरमा प्रवेश गरी कब्जा जमाएर मन्दिरको सम्पत्ति नष्ट गर्दै आएको आरोप लगाउँदै उक्त व्यक्तिलाई तत्काल पक्राउ गरी सार्वजनिक जग्गा मुक्त गराउन तथा कानुनी कारबाही गर्न माग गरे। अध्यक्ष महतोले गृहमन्त्रालयदेखि नगरपालिका सम्म प्रमाणसहित निवेदन पेस गरिसकिएको भए पनि हालसम्म मन्दिर खाली गराउने कुनै ठोस प्रयास नदेखिएको गुनासो गरे। समितिले सम्बन्धित निकायसँग सार्वजनिक धार्मिक सम्पत्तिको संरक्षणका लागि शीघ्र हस्तक्षेप गर्न माग गरेको छ।





डेंगी रोग बाट कसरी बच्ने?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः-

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरही,महोत्तरी

# एमाले केन्द्रीय कमिटीमा १५ प्रतिशत जेनजी पुस्ता( लाई राख्न दबाब



टक नेपाल

नेकपा एमालेको केन्द्रीय कमिटीमा जेनजी पुस्ताको १५ प्रतिशत प्रतिनिधित्व गराउने आवाज उठेको छ । एमाले प्रचार प्रमुख राजेन्द्र गौतमले सो जानकारी दिएका हुन् ।

४० वर्ष मुनिबाट प्रतिनिधित्व गरेर महाधिवेशनमा सहभागीहरुलाई केन्द्रीय कमिटीमा कसरी समेट्ने भन्ने बारे छलफल भइरहेको गौतमले जानकारी दिए । त्यसको क्लस्टर तयार पार्न पार्टी नेतृत्वलाई जिम्मा दिइएको उनको भनाइ छ ।

'अन्डर फोर्टी भनेर जो प्रतिनिधि आएका छन्, त्यसको क्लस्टर तयार गर्न नेतृत्वलाई जिम्मेवारी दिइएको छ । पुराना विद्यमान क्लस्टरहरुमा युवाहरुको प्रतिनिधित्व गराउने कुरामा पार्टी केन्द्रीय कमिटी सदस्यहरुको विशेष जोड छ,' उनले भने, 'त्यसमा नेतृत्वको गम्भीर ध्यानाकर्षण गराइएको छ । अझै भनेर भन्दा अन्डर फोर्टीको १५ प्रतिशतसम्म हुनुपर्छ भन्ने आवाज उठेको छ ।'

उनले यस विषयलाई छलफल गरेर अन्तिम निष्कर्षमा पुर्‍याउने बताए ।

नेकपा एमालेको दशौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको अन्तिम बैठकले गत भदौमा आयोजित विधान महाधिवेशनबाट कायम २५१ सदस्यीय केन्द्रीय कमिटीको आकार बढाएर ३०१ सदस्यीय बनाउने निर्णय गरेको छ । त्यसमा पहिलेको वरिष्ठ उपाध्यक्ष पद हटाएको छ ।

अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव ३ र सचिव ९ जना बनाइएको छ । कुल ३०१ सदस्यीय केन्द्रीय कमिटीको एक तिहाइ पोलिटब्युरो र पोलिटव्युरो सदस्य संख्याको एक तिहाइ स्थायी कमिटी बनाइने छ ।

केन्द्रीय कमिटीले गरेको सो निर्णय महाधिवेशनको बन्दसत्र हलबाट अनुमोदन गराइने छ ।

# नेपाल रेल्वेको व्यथा : तलबमा करोडौ खर्चिए पनि संचालन ज्यालादारीकै भरमा !

जीवनराज दाहाल/मिथलेश सिंह




करीब ४ वर्षअघि संचालनमा ल्याइएको नेपाल रेल्वेको जनकपुर जयनगर रेल सेवा अन्तर्गत भारतीय कर्मचारीको तलबमा ९४ लाख रुपैया बढी खर्च गरिएपनि ज्यालादारी कर्मचारीकै भरमा संचालन भइरहेको छ ।

लामो समयको पर्खाईपछि २०७८ चैत ११ गते देखि निकै तामझाका साथ नेपाल रेलवेको जयनगर–जनकपुर-कुर्था संचालनमा ल्याइयो । तर ४ नबित्दै व्यवस्थापनको अभावमा लथालिङ्ग अवस्थामा पुगेको छ । गत भदौ महिनादेखि नेपाल रेल्वे कम्पनीमा न प्रबन्ध संचालक छन्, न प्रमुख प्रशाकीय अधिकृत । प्रबन्धक संचालक निरञ्जन झाको भदौमा कार्यकाल सकेपछि उक्त पद खाली छ भने लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा चलिरहेको रेल्वेमा अहिले त्यो निमित्त पनि छैनन् ।

निमित्तको जिम्मेवारी पाएका तुला बहादुर डागीले जागिरबाट राजीनामा दिएपनि स्वीकृत नभएपनि उनी कार्यालय आउन छाडेका छन । अहिले रेलवे खरिदार तहका केवल बहादुर नेपाली र उत्तिमलाल पण्डित मात्र दुईजना कर्मचारी छन । हाल महानिर्देशक हरिकुमार पोखरेललाई अख्तियारी दिएर ती दुई कर्मचारीको भरमा १४४ जना ज्यालादारी कर्मचारीको सहयोगले संचालन हुँदै आएको छ ।

प्रबन्धक संचालकको जिम्मेवारी पाएका पोखरेल काठमाण्डूमै बस्दै आएको कारण आर्थिकदेखि प्रशासनिकसम्मको कार्यका लागि फाइल बोकेर काठमाण्डू नै धाउनुपर्ने बाध्यता रहेको कर्मचारीहरु बताउंछन् । नाम नबताउने शर्तमा एक ज्यालादारी कर्मचारीले भने के भनौ निकै दुख छ ।

कर्मचारीको तलबदेखि एउटा डटपेनसम्म किन्न र कुनै निर्णय गराउनु पर्दा फाइल बोकेर स्थायी कर्मचारी केवल सर काठमाण्डू नै ओहोर दोहोर गरिरहेका हुन्छन् । सबभन्दा विकट समस्या के हो भने लेखापाल समेत नेपाल रेल्वेको आफ्नो छैन । कोलेनिकाबाट थप जिम्मेवारीमा पठाइएका लेखापालबाट काम गराइदैं आएको छ ।

तीन महिनाको बांकी तलबमा कर्मचारीहरुलाई मात्र दुई महिनाको तलब एक साता अगाडि खुवाइएको उनले भने । पाठ्यक्रम नै स्वीकृत नभएका कारण संचालनको ४ वर्ष बित्न लाग्दा पनि स्थायी कर्मचारीका लागि विज्ञापन आह्वान भएको छैन । अन्य एक कर्मचारीले भने चार बित्न लाग्यो, पाठ्यक्रम तयार भए पनि स्वीकृत नभएको कारण अहिलेसम्म विज्ञापन नगर्दा हामी ज्यालादारी कर्मचारीकै भरमा संचालन भइरहेको छ । झण्डै चार वर्षदेखि सञ्चालनमा रहेको रेल सेवा निरन्तर सञ्चालनमा रहे पनि हालसम्म कुनै वर्ष फाइदा भएको छैन् ।

तथ्यांक अनुसार रेल्वेलाई आम्दानीभन्दा साढे ३ गुणाबढी खर्च छ । नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवसायिक कार्ययोजना, २०८२ अनुसार आ.व. २०७६।७७ देखि २०८०।८१ सम्ममा १९ करोड २१ लख आम्दानी हुंदा ६७ करोड ३७ लाख खर्च भएको छ । समग्रमा नेपाल रेल्वेलाई पाँच आर्थिक वर्षमा ४८ करोड १४ लाख घाटा रहेको छ ।

नेपाली रेल सञ्चालन भएकोमा सो वर्ष ८ करोड ४६ लाख घाटा भएको थियो। कम्पनीका अनुसार सो आवमा २ करोड ५४ लाख आम्दानी हुँदा ११ करोड खर्च भएको थियो । यस्तै, आव २०७९।८० मा १९ करोड ६१ लाख घाटा हुँदा आव २०८०।८१ मा १७ करोड ७६ लाख घाटा भएको थियो । नेपाल रेल्वे कम्पनीको आम्दानीको रूपमा टिकट विक्री, वीरगञ्जको जग्गा तथा गोदाम भाडा र सटर भाडा तथा तरकारी बजार भाडाबाट प्राप्त हुने आम्दानी रहेको छ ।

आव २०८०।८१ मा टिकट विक्रीबाट ७ करोड ७९ लाख ६६ हजार ३५० रूपैयाँ, वीरगञ्जको जग्गा तथा गोदाम भाडाबाट २९ लाख ५४ हजार ७३ रूपैयाँ र सटर भाडा तथा तरकारी बजार भाडाबाट ४१ लख २० हजार ४६४ गरी ८ करोड ५० लाख ४० हजार ८८७ रूपैयाँ आम्दानी भएको थियो । गत आवमा कति आम्दानी र खर्च भयो कम्पनीले त्यसको तथ्यांक उपलब्ध गराएको छैन् ।

श्रोतका अनुसार कर्मचारीको तलब एक करोड भन्दा बढी रुपैयाको खर्च हुँदै आएको छ । जसमा सबभन्दा बढी २३ जना भारतीय कर्मचारीमा करीब ९४ लाख बढी र ज्यालादारीमा रहेका १ सय ४४ जना कर्मचारीमा ३०/३२ लाखको हाराहारीमा तलब खर्च हुँदै आएको छ । ज्यालादारी कर्मचारीहरुको आफ्नै पीडा छ ।

एक कर्मचारीले भने बिहान ७ बजेदेखि ९ बजे रातिसम्म खटाउंछन् । तर ज्यालाको नाममा तह अनुसार ५ सय १५ रुपैयाँदेखि ११ सय रुपैयाँ दिइन्छ । १४ घण्टा काम गर्ने इन्जिनीयर मात्र ११ सय रुपैया तलब पाउछन । तर चालक बाहेक कहिलेकाही मात्र डियूटीमा आउने भारतीय कर्मचारी महिनाको डेढ लाख रुपैयासम्म तलब पाउंछन् ।

रेलवे संचालनका जिम्मा लिएका भारतका कोकन कम्पनीले सन् २०२६ सम्म रेल संचालन गर्ने र सो अवधिमा दक्ष जनशक्ति तयार पारेर दिने भन्ने सम्झौता समेत भएकोमा नेपाल सरकारले स्थायी कर्मचारी नियुक्त गर्न नसक्दा हालसम्म त्यो विषय अलपत्र छन् । जसका कारण मासिक रूपमा करिब ९४ लाख रूपैयाँ बढी भारतीय कर्मचारीमा खर्च हुने गरेको छ ।

नेपाल रेल्वे कम्पनीले अहिले मासिक ९४ लाख ९५ हजार ८७० रूपैयाँ भारतीय जनशक्तिमा खर्च गर्ने गरेको छ । कम्पनीका अनुसार सोही जनशक्ति नेपाली भएको खण्डमा १० लाख २ हजार १९६ रूपैयाँ मात्र खर्च हुनेछ । अहिले कम्पनीले ८४ लाख ९३ हजार ६७४ रूपैयाँ मासिक बढी खर्च गर्ने गरेको छ ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको दिल्लीबाट संयुक्त रूपमा २०७८ चैत १९ मा नेपालको एक मात्र न्यारोगेजबाट ब्रोडगेजमा परिणत गर्न बन्द रहेको रेल सेवा तामझामका साथ सुरु भएपछि सुरुमा भारतको जयनगरदेखि धनुषाको जनकपुरधाम स्थित कुर्था स्टेशनसम्म ३८ किलोमिटरमा सञ्चालनमा रहेकोमा त्यसलाई विस्तार गरिएको छ । २०८० असार ३१ देखि कुर्था स्टेशनदेखि भंगहा रेल्वे स्टेशनसम्म थप १७ किलोमिटर रेल सेवालाई विस्तार गरिएको छ ।

अहिले भारतको जयनगरदेखि महोत्तरीको भंगहासम्म कुल ५२ किलोमिटरमा रेल सेवा सञ्चालनमा रहेको छ । उक्त क्षेत्रफलमा अहिले दैनिक तीन पटक नेपाली रेल गुड्छ । बिहान महोत्तरीको भंगहा स्टेशनबाट खुल्ने रेल भारतको जयनगर गएपछि पुनः फर्कँदा जनकपुरधाम स्टेशनसम्म पुग्छ। त्यहाँबाट पुनः जयनगर र जयनगरबाट आउँदा कुर्था हुँदै भंगहासम्म पुग्छ । महोत्तरीको विजलपुरा (भंगहा) देखि भारतको जयनगरसम्म ५२ किलोमिटर क्षेत्रफलमा चल्ने रेल्वेको लागि विभिन्न स्थानमा १२ वटा स्टेशन रहेको छ भने भाडा न्यूनतम २० देखि अधिकतम १३० रूपैयाँ जेनेरल टिकेटको रहेको छ। एसी कोचको भने न्यूनतम एक सय रहेको छ भने अधिकतम ६५० रूपैयाँ रहेको छ । रेल्वेका लागि महोत्तरीको बिजलपुरा, सिँग्याही, लोहरपट्टी, खुट्टा पिपराढी, धनुषाको कुर्था, जनकपुरधाम, परवाहा, वैदेही, महिनाथपुर, इनर्वा र भारतको जयनगरमा स्टेशन रहेको छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडले रेल्वेलाई फाइदामा लग्नका लागि व्यवसायिक कार्ययोजना, २०८२ समेत तयार गरेको छ । उक्त कार्ययोजनालाई कार्यान्वयन गरे पहिलो वर्षमै ३३ करोड ७२ लाख ३२ हजार आम्दानी भई रेल्वे फाइदामा जाने देखिन्छ । कार्ययोजना अनुसार दोस्रो वर्षमा ३४ करोड ३२ लाख ३२ हजार र तेस्रो वर्षदेखि ४२ करोड ३२ लाख ३२ हजार आम्दानी हुन सक्ने जनाएको छ ।

यसका लागि कम्पनीले खर्च कटौति सम्बन्धि कार्यक्रम, जनशक्ति विकास कार्यक्रम, उपलब्ध स्रोतको अधिकतम परिचालन र वैज्ञानिक भाडादर सम्बन्धी कार्यक्रम, सम्पत्ति तथा पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम, विद्यमान सेवाको सुधार तथा रेल सेवा विस्तार सम्बन्धी कार्यक्रम, सेवाको विविधिकरण सम्बन्धी कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014